# चन्द्रनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
प्रदेश नं. २ नेपाल

प.स. ०७६/०७७
च.न.

मितिः२०७६/६/१०

# सुचना ! सुचना !! सुचना !!!

उपरोक्त विषयमा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी २०७५ को परिच्छेद २ लाभग्राही को नाम दर्ता तथा नविकरण तपसिल अनुसारको दफा, उपदफा अनुसार गर्न गराउन चन्द्रनगर गाउँपालिका अन्तरगतका सम्पुर्ण वडा कार्यालयहरु लाई जानकारी साथ अनुरोध गरिन्छ ।

तपसिल

**दफा ६ : नाम दर्ता**

१) यस कार्यविधि बमोजिमको सुविधा उपभोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा सम्वन्धित स्थानिय तहको वडा कार्यालयमा देहायको मिति भित्र दरखास्त दिनुपर्नेछ ।

क) आगामी आ.व. को फागुन मसान्तभित्र उमेर पुग्ने जेष्ठ नागरीकहरुले आगामी आ.व.मा उमेर पुग्ने मिति उल्लेख गरी प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि पुष मसान्तभित्र ।

ख) अन्य लाभग्राहीले आफ्नो प्रमाण सहित जहिले सुकै ।

२) उपदफा (१) बमोजिम गर्न विभाग तथा स्थानिय तहले प्रत्येक आर्थिक वर्षको श्रावण देखी नै सार्वजनिक सुचना गरी प्रचार प्रसार गर्नुपर्नेछ ।

(३) नाम दर्ताका लागि आवश्यक दरखास्त फाराम स्थानिय तहले निशुल्क रुपमा उपलव्ध गराउनु पर्नेछ । दरखास्तको ढांचा अनुसुची ३ बमोजिम हुनेछ । तर भत्ता पाउन योग्य कुनै पनि नागरिकले स्वेच्छाले भत्ता नलिने घोषणा गर्न सक्नेछन । यस्ता व्यक्तिहरुको नामावली सम्वन्धित स्थानिय तहले अनिवार्य रुपमा सार्वजनिक गरी उनीहरुलाई सम्मान गर्न सक्नेछन ।

४) दरखास्तका साथ निम्नानुसारका कागजातहरु अनिवार्य संलग्न गर्नुपर्नेछ ।

क) सवै लाभग्राहीको हकमा २ प्रति पासपोर्ट साइजको फोटो ,

ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ,

ग) वालवालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपीका साथै आमा वा आमा नभए संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाँच गराएको प्रमाण ,

घ) एकल महिलाको हकमा अविवाहितको प्रमाण तथा सम्वन्ध विच्छेद दर्ताको प्रमाण पत्रको प्रतिलिपी ,

ङ) विधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी,

हरिकान्त लाल कर्ण
अधिकृत

च) अपाङ्गताको हकमा प्रचलित कानुन बमोजिम जारी भएको अपाङ्गता परिचय पत्रको प्रतिलिपी ।

चन्द्रनगर, सर्लाही
२ नं. प्रदेश, नेपाल

७. नाम नवीकरण :

१) हाल भत्ता प्राप्त गरीरहेको सवै प्रकारका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिनचाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधि भित्र सम्वन्धित स्थानीय तहको वडा कार्यालयमा दरखास्त दिनुपर्नेछ । नविकरणका लागि अनुसुची ४ वमोजिमको ढाँचाको दरखास्त फाराम स्थानिय तहले निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

२) उपदफा (१) वमोजिम नवीकरण नगर्ने लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा भत्ता पाउन सक्ने छैनन् ।

३) नवीकरण गरीएका लाभग्राहीहरुको सुची अनुसुची १० अनुरुपको ढाँचामा राख्नुपर्ने ,

८. दर्ता तथा नवीकरण सिफारिस :

१) जेष्ठ नागरिकहरुको पुस मसान्तभित्र भत्ता प्राप्त गर्न नाम दर्ता तथा नवीकरणका लागि परेका दरखास्तहरु छानविन गरी लाभग्राहीका रुपमा नाम दर्ता तथा नवीकरण गर्न सिफारिस गर्ने काम वडा समितिले गर्नेछ । वडा समितिले छानविन गरी सिफारिस गर्ने काम माघ १५ भित्र सम्पन्न गर्नु पर्नेछ ।

बोधार्थ
श्री सूचना प्राविधि शाखा web site मा upload गरिदिनु होला
२०७५/६/१०

हरिकान्त लाल कर्ण
( अधिकृत )
पञ्जिकरण तथा समाजिक सुरक्षा शाखा

हरिकान्त लाल कर्ण
अधिकृत